# पुथा उत्तरगङ्गा गाउँपालिका गाउँ कार्यपालिकाबाट प्रकाशित

## स्थानीय राजपत्र

खण्डः१ संख्याः १९ मितिः२०८१/१२/१९

भाग-२

## सुनगुफा संरक्षण तथा व्यवस्थापन कार्यविधि, २०८१

कार्यपालिकामा प्रस्तुतः२०८१/११/०४

कार्यपालिकाबाट स्विकृत मितिः२०८१/११/०४

प्रस्तावना

पुथा उत्तरगंगा गाउँपालिका वडा नं १२ मा अवस्थित सुनगुफा ऐतिहासिक, प्राकृतिक र पर्यटकीय दृष्टिले महत्वपूर्ण गुफा हो। यो गुफा प्राकृतिक रूपमा अद्वितीय सौन्दर्य, भौगोलिक बनावट, ऐतिहासिक महत्त्व, तथा जैविक विविधताले भरिपूर्ण छ। सुनगुफाको उचित संरक्षण, प्रवर्द्धन र व्यवस्थापन गर्न सक्ने हो भने यसलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटन गन्तव्यका रूपमा विकास गर्न सकिन्छ।

विगतमा सुनगुफाको व्यवस्थापन तथा संरक्षणका लागि कुनै निश्चित योजना वा नीतिगत व्यवस्था थिएन। यसकारण गुफाको प्राकृतिक संरचना जोखिममा परेको, अनियन्त्रित रूपमा आगन्तुकहरूको प्रवेश भएको, र दीर्घकालीन संरक्षण योजनाको अभाव देखिएको छ। यस कार्यविधिले सुनगुफाको दीर्घकालीन संरक्षण, व्यवस्थित व्यवस्थापन, तथा समुचित पर्यटकीय विकासमार्फत स्थानीय समुदायलाई प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा लाभ पुर्याउने लक्ष्य राखेको छ। यसबाट स्थानीय रोजगारी सिर्जना, आन्तरिक राजस्व अभिवृद्धि, तथा पुथा उत्तरगंगा गाउँपालिकालाई एक प्रमुख पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न सकिनेछ।

# भाग -१

## प्रारम्भिक व्यवस्था

**१. संक्षिप्त नाम, लागू क्षेत्र र प्रारम्भः** (१) यो कार्यविधिलाई "सुनगुफा संरक्षण तथा व्यवस्थापन कार्यविधि, २०८१" भनिन्छ।

(२) यो कार्यविधि पुथा उत्तरगंगा गाउँपालिकाको सम्पूर्ण क्षेत्रभित्र लागू हुनेछ।

(३) यो कार्यविधि कार्यपालिकाबाट अनुमोदन भई स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात लागू हुनेछ।

**२. परिभाषा: (१) "गाउँपालिका"** भन्नाले पुथा उत्तरगंगा गाउँपालिका बुझिन्छ।

**(२) "पर्यटक**" भन्नाले आन्तरिक तथा बाह्य आगन्तुकहरू, अनुसन्धानकर्ता, तथा साहसिक यात्रुहरूलाई बुझिन्छ।

**(३) "पर्यटन शुल्क"** भन्नाले गुफा प्रवेश गर्ने पर्यटकहरूबाट उठाइने शुल्क बुझिन्छ।

**(४) "व्यवस्थापन समिति"** भन्नाले सुनगुफाको संरक्षण, व्यवस्थापन र प्रवर्द्धन गर्ने उद्देश्यले गठन गरिने समिति बुझिन्छ।

**(५) "सुनगुफा"** भन्नाले वडा नं १२ मा अवस्थित ऐतिहासिक तथा पर्यटकीय महत्वको गुफा बुझिन्छ।

**(६) "संरक्षण"** भन्नाले गुफाको प्राकृतिक बनावट, जैविक विविधता, ऐतिहासिक तथा सांस्कृतिक महत्त्वलाई जोगाउने र आवश्यक सुरक्षा प्रदान गर्ने कार्य बुझिन्छ।

**(७) "स्थानीयबासी"** पुथा उत्तरगंगा गाउँपालिका स्थायी निवासीलाई बुझाउँछ ।

पुथाउत्तरगंगा गाउँपालिका स्थानीय राजपत्र

# भाग -२

## सुनगुफा संरक्षण तथा व्यवस्थापन समिति गठन

**३. समिति गठन र संरचना**: (१) सुनगुफाको संरक्षण, प्रवर्द्धन तथा व्यवस्थापनका लागि ९ सदस्यीय समिति गठन गरिनेछ।

(२) समितिको संरचना निम्नानुसार रहनेछः

संयोजक – वडा अध्यक्ष वा उहाँले तोकेको प्रतिनिधि

सचिव – वडा सचिव

सदस्यहरू

- वडा सदस्य २ जना( १ जना महिला)
- पर्यटन व्यवसायी प्रतिनिधि (१ जना)
- महिला प्रतिनिधि (१ जना)
- स्थानीय युवा प्रतिनिधि (१ जना)
- पर्यटन विज्ञ १ जना सदस्य
- स्थानीय संचारकर्मी १ जना

(३) समितिको गठन गाउँपालिका कार्यपालिकाले गर्नेछ।

(४) समितिको कार्यकाल ५ वर्षको हुनेछ तर यो कार्यविधि लागू भए पश्चात जनप्रतिनिधिको कार्यकाल बाकि रहे बमोजिम कार्यकाल रहनेछ।

**४. समितिको कर्तव्य तथा अधिकार:** (१) समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम रहने छ;

(क) सुनगुफाको संरक्षण, प्रचार–प्रसार तथा पर्यटन प्रवर्द्धन गर्ने।

(ख) गुफाभित्र तथा वरपरको क्षेत्रमा भौतिक संरचना निर्माण तथा सुधार गर्ने।

(ग) गुफाभित्र अनाधिकृत उत्खनन, तोडफोड तथा क्षति पुग्ने कार्यलाई नियन्त्रण गर्ने।

(घ) आवश्यक बजेट तथा स्रोतसाधन व्यवस्थापन गर्न पहल गर्ने।

(ङ) आवश्यक परेमा विभिन्न सरकारी तथा गैरसरकारी संस्थासँग साझेदारीमा कार्य गर्ने।

(च) (च) गुफा प्रवेश शुल्क तथा अन्य शुल्क निर्धारण गर्ने।

(२) समितिले आफ्नो जिम्मेवारी बहन गर्दा गाउँपालकासंग समन्वय गर्नु पर्नेछ।

पुथाउत्तरगंगा गाउँपालिका स्थानीय राजपत्र

**भाग-३**

**संरक्षण तथा प्रवर्द्धन रणनीति**

५. **संरक्षण उपायहरू:** (१) सुनगुफाको संरक्षण र प्रवर्द्धनको लागि देहाय बमोजिमको कार्य गरिने छ।

(क) सुनगुफाको मौलिक स्वरूप जोगाउने।
(ख) गुफाभित्रको प्राकृतिक संरचनालाई कुनै प्रकारको क्षति हुन नदिन सुरक्षा व्यवस्था अपनाइनेछ।
(ग) पर्यटकहरूले गुफाभित्र प्लास्टिक, फोहोर वा अन्य हानिकारक पदार्थ प्रयोग गर्न नपाउने।
(घ) गुफाको संवेदनशील क्षेत्रमा प्रवेश निषेध गरिनेछ।
(ङ) गुफा आसपास वनस्पति तथा जैविक विविधताको संरक्षण गरिनेछ।
(च) गुफाको भित्री भागमा अनावश्यक लेखोट (ग्राफिटी), रंगरोगन वा अन्य परिवर्तन गर्न प्रतिबन्ध लगाइने।
(छ) प्राकृतिक संरचना कमजोर हुनसक्ने स्थानहरूमा आवश्यक संरचनात्मक संरक्षण उपायहरू (स्टील
(ज) जाली, बलियो घेरा, मार्ग संकेतहरू) प्रयोग गर्ने।
(झ) गुफाभित्र तथा वरपर फोहोर व्यवस्थापनका लागि डस्टबिन राख्ने र फोहोरको उचित व्यवस्थापन गर्ने।
(ञ) प्रत्येक महिना गुफा सरसफाइ कार्यक्रम सञ्चालन गर्ने।

(२) सुनगुफाको संरक्षण र प्रवर्द्धनको लागि गाउँपालिकाले आवश्यक रणनीति बनाउनु पर्ने छ।

(३) संरक्षण र प्रर्वद्धनको लागि रणनीति बनाउदा स्थानीय र विज्ञहरुसंग परामर्श लिनुपर्नेछ।

६. **पर्यटकीय प्रवर्द्धनका लागि योजना:** (१) सुनगुफामा पर्यटन पवर्द्धन गर्नको लागि देहाय बमोजिमको कार्य गरिनेछ ।

(क) डिजिटल माध्यम (वेबसाइट, सामाजिक सञ्जाल) प्रयोग गरी प्रचार गरिनेछ।

(ख) आवश्यक पर्यटक सुविधाहरू (गाइड, सूचना बोर्ड, प्रकाश व्यवस्थापन) उपलब्ध गराइनेछ।

(ग) वार्षिक रूपमा पर्यटकीय महोत्सव आयोजना गरिनेछ।

(घ) गुफाको आकर्षक फोटो, भिडियो, वृत्तचित्र, तथा प्रवर्द्धन सामग्री उत्पादन गरी अन्तर्राष्ट्रिय तथा राष्ट्रिय मिडिया मार्फत प्रचार गरिनेछ।

(ङ) स्थानीय संस्कृतिसँग जोडेर पर्यटकहरूको बसोबासका लागि होमस्टे प्रवर्द्धन गरिनेछ।

(च) गुफाको ऐतिहासिक महत्त्व, प्रवेश शुल्क, नियम तथा गन्तव्य स्थलसम्म पुग्ने मार्ग दर्शाउने साइनबोर्डहरू प्रमुख स्थानहरूमा राखिनेछ।

(छ) सुरक्षित प्रवेश तथा निकास मार्गहरूको व्यवस्थापन गरिनेछ।

(२) पर्यटकीय गतिविधि संचालन गर्दा गाउँपालिका समन्वय गर्नुको साथै पालिकाको मापदण्डको पालना गर्नुपर्नेछ ।

## भाग -४

## आर्थिक तथा व्यवस्थापकीय व्यवस्था

७. **आर्थिक स्रोत तथा बजेट व्यवस्थापन:** (१) पर्यटन शुल्क निर्धारण गरी आवश्यक बजेट संकलन गरिनेछ।

(२) निजी क्षेत्र, संघसंस्था तथा दातृ निकायहरूसँग साझेदारी गरी स्रोत परिचालन गरिनेछ।

(३) स्थानीय उत्पादन तथा हस्तकला बिक्री केन्द्र स्थापना गरिनेछ।

(४) गुफा व्यवस्थापन, पूर्वाधार निर्माण, सुरक्षा व्यवस्थापन, र प्रचारप्रसारका लागि बजेट विनियोजन गरिनेछ।

(५) प्रदेश तथा संघीय सरकारसँग गुफा संरक्षण तथा प्रवर्द्धनका लागि अनुदान तथा बजेट माग गरिनेछ।

(६) सुनगुफा संरक्षण र व्यवस्थापनको लागि ‘‘सुनगुफा संरक्षण कोष’’ स्थापना गरिनेछ ।

(७) गुफाबाट संकलित पर्यटन शुल्क गाउँपालिकाको राजश्व खातामा संकलन गरी संकलित राजश्व मध्ये ४०% गुफा संरक्षण तथा व्यवस्थापनमा खर्च गरिनेछ भने ६०% गाउँपालिकाको पर्यटन प्रवर्द्धनमा खर्च गरिनेछ ।

८. **पर्यटन शुल्क र अन्य आय स्रोतहरू:** (१) पर्यटन शुल्क देहाय बमोजिम रहनेछ ।

- स्वदेशी पर्यटकः रु. १००
- विदेशी पर्यटकः रु. ५००
- स्थानीयबासीको लागि रु. ५०

(२) पर्यटन शुल्क हरेक वर्ष आर्थिक ऐनमा तोके बमोजिम हुनेछ ।

(३) राजश्व संकलनको लागि अनलाईन प्रणालिको व्यवस्थापन गरिनेछ। अनलाईन प्रणालीको विकास नभए सम्मको लागि गाउँपालिकाबाट उपलब्ध गराएका आधिकारिक ठेलिको प्रयोग गरिनेछ।

पृथ्वीउत्तरगङ्गागाउँपालिकास्थानीयराजपत्र

**भाग -५**

**कानूनी व्यवस्था तथा दण्ड–सजाय**

**१०. दण्ड–सजाय:** (१) सुनगुफाको संरक्षण, व्यवस्थापन, तथा पर्यटकीय प्रवर्द्धनलाई प्रभावकारी बनाउनका लागि निम्न दण्ड–सजाय व्यवस्था गरिन्छः

(क) गुफाभित्रको चट्टान तोडफोड गर्ने, भित्तामा लेख्ने, कोर्ने, वा अन्य रूपमा हानि पुर्याउने व्यक्तिलाई रु. ५,००० देखि रु. २५,००० सम्म जरिवाना गरिनेछ। दोहोर्याएर गल्ती गर्ने वा गम्भीर क्षति पुर्याउने व्यक्तिलाई गाउँपालिकाको सिफारिसमा कानूनी कारबाही अघि बढाइनेछ।

(ख) गुफाभित्र वा आसपासका क्षेत्रमा अनधिकृत उत्खनन, चोरी, वा कुनै अवैध गतिविधिमा संलग्न व्यक्तिलाई रु. १०,००० देखि रु. ५०,००० सम्म जरिवाना गरिनेछ। गम्भीर घटनामा संलग्न भएमा प्रचलित कानुन अनुसार कारबाही गरिनेछ।

(ग) गुफाभित्र वा वरपर फोहोर फ्याँक्नेलाई पहिलो पटक रु. १,००० जरिवाना गरिनेछ। दोहोर्याएर उल्लङ्घन गरेमा रु. २,५०० सम्म जरिवाना गरिनेछ। समूहगत रूपमा उल्लङ्घन गरेमा गुफा भ्रमण गर्न अस्थायी प्रतिबन्ध लगाइनेछ।

(घ) गुफा क्षेत्रमा अनधिकृत रूपमा व्यवसाय सञ्चालन गर्ने, अवैध शुल्क लिने, वा पर्यटकलाई ठग्ने कार्यमा संलग्न व्यक्तिलाई रु. ५,००० देखि रु. १५,००० सम्म जरिवाना गरिनेछ। दोहोर्याएर उल्लङ्घन गरेमा व्यवसाय सञ्चालन अनुमति रद्द गरिनेछ।

**१०. कानूनी व्यवस्था:**(१) यो कार्यविधि नेपाल सरकार तथा गाउँपालिकाका प्रचलित ऐन, कानुन, नीति, निर्देशिका बाझिएको हड सम्म अमान्य हुनेछ।

(२) आवश्यक परेमा गाउँपालिका कार्यपालिकाले निर्णय गरी कार्यविधिमा संशोधन गर्न सक्नेछ।